# दुधौली नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

दुधौली, सिन्धुली

३ नं.प्रदेश, नेपाल

## सीपमुलक तालिम सञ्चालन सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः-२०७४।१०।१५ गते ।

दुधौली नगरपालिकाको आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम दुधौली नगरपालिकाका यूवाहरुलाई विभिन्न सीममुलक तालिम प्रदान गरी रोजगारी सिर्जना गर्ने उद्देश्य अनुरुप यस नगरपालिकाले विभिन्न तालिम प्रदायक संस्थाहरुसँगको सहकार्यमा तपशील बमोजिमका सीपमुलक तालिमहरु तपशील बमोजिमको मिति समय र स्थानमा सञ्चालन गर्ने भएकोले उल्लेखित तालिम लिन इच्छुक नगरपालिका भित्रका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नगरकार्यपालिकाको कार्यालय दुधौलीबजार वा सबै वडा कार्यालयहरुमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी सहित निवेदन दिनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । तालिम लिन इच्छुक निवेदकहरु आवश्यक संख्या भन्दा बढी भएमा महिला, अपाङ्ग, आदीबासी जनजाती, मधेशी, पिछडिएको वर्ग र ककुरठाकुर चुनढुंगा खानी प्रभावित क्षेत्रका निवेदकहरुलाई उच्च प्राथमिकता दिई छनौट गरिनेछ । निवेदन यस कार्यालयको वेवसाईट www.dudhaulimun.gov.np बाट डाउनलोड गर्न साथै नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट समेत निशुल्क प्राप्त गर्न सकिनेछ ।

**तपशीलः-**

तालिम सञ्चालन गरिने विषयहरुः- मोबाईल रिपेयरिङ, इलेक्ट्रिसियन र प्लम्बिङ्ग ।

तालिमको लागि आवश्यक प्रशिक्षार्थीको संख्याः- मोबाईल रिपेयरिङको लागि ३० जना, इलेक्ट्रिसियनको लागि ३० जना र प्लम्बिङ्गको लागि ३० जना गरी जम्मा ९० जना ।

फारम भर्ने अवधिः-२०७४।१०।१५ देखि २०७४।१०।३० सम्म

तालिम सञ्चालन हुने मितिः- २०७४।११।०५ देखि २०७४/१२/०४ गते सम्म जम्मा ३० दिन (१६० घण्टा) ।

तालिम सञ्चालन हुने स्थानः- मोबाईल रिपेयरिङ, इलेक्ट्रिसियन तालिमको हकमा दुधौलीबजार र प्लम्बिङ्ग तालिमको हकमा डकाहाबजार ।

(नोटः- सहभागीहरुलाई तालिम अवधिभर तालिम सामाग्री र खाजा उपलब्ध गराईने छ ।)

थप जानकारीको लागि सम्पर्क नंः- ९८४६२८३२०१

.................................

प्रमुख प्रशासकीय अधिकृत